# तरकारी खेती र बाख्रापालन सम्बन्धी उपक्षेत्रगत त्रिवर्षिय योजना

## २०७९–०८०/२०८१–०८२


## स्वर्गद्वारी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश

भिंग्री, प्युठान

# तरकारी खेती र बाख्रापालन सम्बन्धी उपक्षेत्रगत त्रिवर्षिय योजना

## २०७९–०८०/२०८१–०८२

**स्वर्गद्वारी नगरपालिका**

नगरकार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश

भिंग्री, प्युठान

# स्वर्गद्वारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## लुम्बिनी प्रदेश, भिंग्री, प्युठान

### मन्तव्य

नेपाली जनताको चाहना र जनआन्दोलन पश्चात स्थापित भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र अनुसार नेपालको राज्य संरचना, भावना र मुल चरित्र अनुसार देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघिय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोगको नयाँ अभ्यास गरिदै आएको छ। यस व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाई लागु गर्ने नीतिगत व्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत, उपक्षेत्रगत बिकास योजना बनाई लागू गर्नु पर्ने वा आवश्यकता अनुसार योजना बनाई लागू गर्न सकिने व्यवस्था गरेको छ।

यसै सन्दर्भमा यस नगरपालिकाले उपलब्ध स्रोत साधनलाई अधिकतम प्रयोग गर्दै नगरवासीको आर्थिक उन्नति र समृद्धिका लागि पालिका सुहाउँदो योजनाको आवश्यकता भएकोले यस नगरपालिकाले सम्भावना बोकेको तरकारी खेती र बाख्रापालनको लागि यस त्रिवर्षिय उपक्षेत्रगत योजना बनाईएको छ। चरणगत र तहगत छलफलबाट तयार भएको यस उपक्षेत्रगत योजना सफल रुपमा कार्यान्वयन भई स्थानीय जनताको आर्थिक विकासमा टेवा पुग्ने बिश्वास लिएको छु।

यस तरकारी खेती र बाख्रापालन सम्बन्धी उपक्षेत्रगत योजना तर्जुमा प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुहुने कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत कार्यालय तथा विषयगत क्षेत्रका प्रमुख कर्मचारी ज्यूहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधि ज्यूहरू लगायत यस कार्यमा आर्थिक र प्राविधिक सहयोग गर्ने अष्ट्रेलियन ऐडको आर्थिक सहयोग र आङ्ग्ला नेपाल, रुपान्तरण, फुलवारी एकिकृत ग्रामीण विकास संस्था नेपालको साझेदारीमा सञ्चालित कृषि तथा जीविकोपार्जन प्रवर्द्धन (GOAL-II) परियोजनालाई धन्यवाद दिन चाहन्छु। साथै यसको सफल कार्यान्वयनका लागि सबै पक्षबाट सहयोग हुने अपेक्षा सहित यसको कार्यान्वयनका लागि प्रविद्धता समेत व्यक्त गर्दछु।

धन्यवाद।

टेक प्रसाद भण्डारी

नगर प्रमुख

स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश नेपाल २०७३

नगर प्रमुख

"व्यावसायिक र निर्जनशील प्रशासन
विकास, समृद्धि र सुशासन"

# स्वर्गद्वारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

भिंगृ,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
स्था : २०७३

info@swargadwarimun.gov.np


आ.ब. : २०७८/०७९
च.नं.

मिति : २०७९/०२/३०

## शुभकामना

निरन्तर चलिरहने प्रक्रियाको रुपमा रहने विकासलाई गुणात्मक र परिमाणात्मक रुपमा सञ्चालन गर्नका लागि योजना आवश्यक पर्दछ । नेपालमा योजनाबद्ध विकासको सुरुवात वि.स. २०१३ सालबाट भएको हो । सीमित स्रोत साधनलाई प्रभावकारी रुपमा परिचालन गरी नगरपालिकाको विकास गर्नका लागि योजनाबद्ध विकास हुनु जरुरी छ । नेपाल सरकारले लिएको सोचलाई कार्यान्वयन गर्न र समग्र नगरबासीको उन्नति र समृद्धिको लागि यस नगरले विभिन्न योजनाहरु बनाई अघि बढिरहेको छ ।

देशमा संघीय शासन प्रणालीको सुरुवात भएपश्चात यस नगरपालिकाले विकासलाई गुणात्मक रुपमा फड्को मारी अगाडी बढाउनको लागि भएका विविध स्रोत साधनहरुको पहिचान गरी नगरबासीको आवश्यकतालाई परिपूर्ति गर्नका लागि नगरपालिकाका जनप्रतिनिधिहरु, कर्मचारीहरु र आर्थिक क्षेत्रमा कार्य गर्ने सरोकारवालाहरुसँगको छलफल पश्चात अधिकत्तम आफ्नो स्रोत र साधन परिचालन मार्फत आर्थिक वृद्धिका लागि ठोस योजना आवश्यक भएकोले यस त्रिबर्षिय उपक्षेत्रगत योजना तयार गरिएको छ । नगरपालिकाको दीर्घकालिन सोच, रणनीति, उद्देश्यहरु साथै सञ्चालन गरिने क्रियाकलापहरु र आवश्यक बजेट सहितको विकासको खाकालाई समेटेर यो तरकारी र बाखापालन सम्बन्धी उपक्षेत्रगत योजना तयार भएको छ । यस योजनाले नगरपालिकामा योजनाबद्ध र समानुपातिक विकासको सुरुवात हुने र विद्यमान सीमित स्रोत र साधनहरुको प्रभावकारी परिचालन गरी नगरपालिकाको स्तरोन्नति गर्ने अपेक्षा लिएको छु ।

पालिकामा अवस्थित आवश्यक व्यक्तिहरुको सहभागितामा विज्ञको समेत राय तथा परामर्श लिई तयार पारिएको यस उपक्षेत्रगत योजनाले नगरपालिकाको विकास गर्न आगामी तीन वर्षमा तरकारी खेती र बाखापालन व्यावसायिक रुपमा संचालन हुने भएकोले नगरपालिकाको आर्थिक विकासको क्षेत्रमा ठोस कार्य हुने विश्वास लिएको छु । साथै आगामी दिनहरुमा यसमा उल्लेखित प्रावधानहरुलाई क्रमश: प्रभावकारी कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

..........................
बनिश्वर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत


इमेल : swargadwarimunicipality01@gmail.com, वेब साइट : www.swargadwarimun.gov.np, फ्याक्स : ०८६४००११७, नगर प्रमुख : ०८६४००११६, नगर उप-प्रमुख : ०८६४००११९ प्रमुख प्रशासकीय अधिकृत : ०८६४००१०१, योजना तथा प्रशासन : ०८६४००११५, लेखा तथा स्टोर : ०८६४००१०१,शिक्षा शाखा : ०८६४००१०१, कृषि-पशु तथा स्वास्थ्य : ०८६४००११८, सूचना तथा प्रविधि शाखा तथा पंजीकरण शाखा : ०८६४००११३

# कार्यकारी सारांश

संघीय व्यवस्था अनुसार नयाँ संरचना अन्तर्गत बनेको यस स्वर्गद्वारी नगरपालिकाले संविधान र स्थानीय सरकार संचालन ऐनले प्रदान गरेको क्षेत्राधिकार अनुसार आफ्ना गतिविधिहरू संचालन गरिरहेको छ। संघीय व्यवस्था अनुसार जनतालाई सबैभन्दा नजिकबाट सेवा प्रदान गर्ने सरकार स्थानीय तह भएकोले जनताको आर्थिक वृद्धिका लागि यस स्वर्गद्वारी नगरपालिकाले विशेष जोड दिदै आएको छ। यस पालिकाले आफनो आन्तरिक स्रोत र अन्य वाह्य सहयोगी संस्थाहरूसंग मिलि आर्थिक वृद्धिका लागि व्यावसायिक तरकारी उत्पादन र बाख्रापालनलाई प्राथमिकतामा राखी योजनावद्ध रूपमा अगाडी बढ्नका लागि यो उपक्षेत्रगत त्रिवर्षिय योजना तर्जुमा गरिएको छ। यस उपक्षेत्रगत योजनाले राष्ट्रिय सोच र प्रादेशिक सोच तथा लक्ष्यप्राप्तिका लागि योगदान पुऱ्याउँदै कृषि पेशामा संलग्न घरधुरीहरूको आर्थिक वृद्धि गर्ने उद्देश्यको साथ योजना तर्जुमा गरिएको छ।

यस योजना कार्यान्वयनको अन्तिममा तरकारी उत्पादन र बाख्रापालन कृषकहरूले तालिम प्राप्त भएको, व्यावसायिक कृषकहरूको संख्या ७८७ पुग्ने, कृषक समूहको संख्या ११७ पुग्ने र पालिकामा कृषि फार्म दर्ता संख्या ४० पुग्ने अपेक्षा गरिएको छ। यसैगरी सिंचित जग्गा १४ प्रतिशतबाट २८ प्रतिशतमा पुग्ने र तरकारी र मासु उत्पादन वृद्धि भएको हुनेछ। साथै पालिकाले तरकारी खेती र बाख्रापालनका लागि वार्षिक रूपमा बजेट वृद्धि गरिदै लगिनेछ र समग्र पालिकालाई तरकारी उत्पादन र बाख्रापालनको हव बनाउने सोच लिएको छ।

यस तरकारी खेती र बाख्रापालन त्रिवर्षिय उपक्षेत्रगत योजना कार्यान्वयनको कूल लागत रु. ७,४८,०८,१२६ रहेको छ भने यस मध्ये आन्तरिक स्रोतबाट रु.५,२८,१२,७५१ बाह्य सहयोगबाट १,४५,१४,५६३ र कृषकहरूबाट लागत सहभागिता रु.७४,८०,८१३ गरी कूल स्रोत व्यवस्थापन गरिनेछ।

यस योजना कार्यान्वयनका लागि पालिकास्तरीय एक संयन्त्र निर्माण गरी बार्षिक रूपमा यस योजनाको समीक्षा गरिनेछ। बाह्य स्रोत व्यवस्थापनका लागि सहयोगी संस्थाहरूको खोजी गरिनेछ भने लगानीका लागि पालिकाबाट उपयुक्त वातावरण तयार गर्नेछ। पालिकाबाट कृषि र पशु शाखालाई यस योजना कार्यान्वयन गर्नकालगि निर्देशन दिदै उपलव्धीमापनको खाका तयार गरिनेछ। समीक्षाको क्रममा आएका विषयहरूलाई मध्यनजर गर्दै यस योजनामा समेटिएका क्रियाकलापहरूलाई परिमार्जन गर्ने लचकता समेत राखी स्वर्गद्वारी नगरपालिकाको आर्थिक वृद्धिका लागि व्यावसायिक तरकारी उत्पादन र बाख्रापालनलाई मूख्य आधार मानी यस उपक्षेत्रगत योजनालाई महत्वको साथ कार्यान्वयन गरिनेछ।

# विषय-सूची

**परिच्छेद एकः परिचय** ......................................................... **१**

१.१ पृष्ठभूमी ......................................................... १

१.२ उद्देश्य ......................................................... २

१.३ उपक्षेत्रगत त्रिवर्षिय योजना तर्जुमाका चरणहरू ......................................................... २

१.४ उपक्षेत्रगत योजना दस्तावेजको संरचना ......................................................... ३

**परिच्छेद दुईः तरकारी खेती र बाख्रापालनको अवस्था विश्लेषण** ......................................................... **४**

२.१ कृषि तथा पशुपालन व्यवसायमा संलग्नता ......................................................... ४

२.२ जग्गा र सम्भावित क्षेत्रहरूको अवस्था ......................................................... ४

२.३ दक्ष जनशक्तिको अवस्था ढपालिकाभित्र र अन्य ......................................................... ५

२.४ उत्पादनको अवस्था ......................................................... ५

२.५ विउविजन तथा नश्ल सुधारको अवस्था ......................................................... ५

२.६ सिंचाईको अवस्था ......................................................... ६

२.७ प्रदेश र पालिकाबाट कृषि तथा पशु सेवाको लागि लिएको नीति तथा कार्यक्रम ......................................................... ६

२.८ सवल पक्ष, अवसर, कमजोरी र वाधाहरू ......................................................... ८

२.९ सेवा प्रदायकहरू र सहयोगका क्षेत्रहरू ......................................................... ९

२.१० बजारको अवस्था ......................................................... १०

**परिच्छेद तीनः तरकारी खेती र बाख्रापालन सम्बन्धी रणनीति र कार्यनीति** ......................................................... **११**

३.१ तरकारी खेती र बाख्रापालनको दीर्घकालिन सोच र लक्ष्य ......................................................... ११

३.२ तरकारी खेती र बाख्रापालनको रणनीति तथा कार्यनीतिहरू ......................................................... ११

३.३ प्रस्तावित क्रियाकलापहरू ......................................................... १३

३.४ अपेक्षित उपलव्धी ......................................................... १५

३.५ वार्षिक क्रियाकलाप तथा बजेट ......................................................... १६

३.६ बार्षिक बजेट विनियोजन ......................................................... २१

३.७ तरकारी खेती र बाख्रापालनका लागि स्रोत व्यवस्थापन ......................................................... २१

३.८ तरकारी खेती र बाख्रापालन उपक्षेत्रगत योजना कार्यान्वयनको बार्षिक कार्ययोजना ......................................................... २२

**अनुसूची** ......................................................... **२४**

अनुसूची १: स्व. न. पा. को उपक्षेत्रगत योजनाको अन्तिम कार्यशाला गोष्ठीका सहभागीहरु ......................................................... २४

अनुसूची २: सन्दर्भ सामग्री ......................................................... २५

अनुसूची ३: उपक्षेत्रगत योजना तर्जुमाका झलकहरू ......................................................... २६

## तालिकाहरु


तालिका १: सेवा प्रदायकहरू र सहयोगका क्षेत्रहरू....................................................................... ९
तालिका २: रणनीति र कार्यनीतिहरू ....................................................................................११
तालिका ३: अपेक्षित उपलब्धि ..........................................................................................१५
तालिका ४: क्रियाकलापगत बार्षिक कार्यक्रम तथा बजेट ......................................................................१६
तालिका ५: बार्षिक बजेट विनियोजन....................................................................................२१
तालिका ६: उपक्षेत्रगत स्रोत व्यवस्थापन...............................................................................२१
तालिका ७: उपक्षेत्रगत स्रोत व्यवस्थापन ............................................................................... २२

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमी




आफ्नो शासन आफैले गर्न पाउनुपर्छ भन्ने लामो समयदेखिको जनताको चाहना र विभिन्न आन्दोलनको सफलताबाट नेपालमा संघात्मक शासन प्रणालीको सुरुवात भएको छ । नयाँ राजनीतिक प्रणालीमा जननिर्वाचित पदाधिकारीहरूले स्थानीय सरकारको नेतृत्व लिएका छन्। स्थानीय तह संचालन सम्बन्धि संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, विषयगत एवं क्षेत्र तथा उपक्षेत्रगत, रणनीतिक क्षेत्रगत मध्यमकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जूमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरि गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ। यसैगरी योजना तर्जूमा गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत स्पष्ट गरिएको छ। यसका अतिरिक्त योजना तर्जूमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्बन्धि व्यवस्था समेत स्पष्ट रूपमा उल्लेख गरेको छ।

यसै परिप्रेक्ष्यमा प्युठान जिल्लामा रहेको स्वर्गद्वारी नगरपालिकामा तरकारी खेती र बाख्रापालनको अत्यधिक संभावना र समृद्धिको आधार समेत रहेकोले यसको व्यावसायिक विकासको लागि एक ठोस योजनाको आवश्यकता महसुस गर्दै आएकोमा सोही विषय क्षेत्रहरूमा आधारित रही यो उपक्षेत्रगत त्रिवर्षिय योजना तयार गरिएको छ।

स्वर्गद्वारी नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत प्यूठान जिल्लामा पर्दछ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्युठान जिल्लाको ९ वटा स्थानीय तह मध्ये स्वर्गद्वारी नगरपालिका पनि एक हो । भौगोलिकहिसाबले ८०°३६'००" देखि ८२°४८'३०" पूर्वी देशान्तर र २८°३०'०५" देखि २८°१२' ३०" उतरी अक्षांशसम्म फैलिएर रहेको छ। यस नगरपालिकाको उत्तरमा रोल्पा जिल्ला पूर्वमा प्यूठान नगरपालिका, पश्मितिर दाङ र रोल्पा जिल्ला र दक्षिणमा दाङ जिल्ला र माण्डवी गाउँपालिका रहेको छ। साविकका गा.वि.स.हरू कोचिवाङ, स्वर्गद्वारी खाल, भिंगृ, सारी, वेलवास, वर्जीवाङ र गोठिवाङ गाविसहरूलाइ समेटेर मिति २०७३ फाल्गुन २२ गते स्वर्गद्वारी नगरपालिका घोषणा गरिएकोथियो। उष्ण, समशितोष्ण र शितोष्ण हावापानी भएको यस स्वर्गद्वारीको अधिकतम तापक्रम ३३.५ डिग्री सेल्सियस, न्यूनतम तापक्रम ११.८ डिग्री सेल्सियस रहेको पाईन्छ।

प्यूठान जिल्लामा अवस्थित २२४.७० वर्ग.कि.मी. क्षेत्रफलमा फैलिएर रहेको यस नगरपालिकाको जनसंख्या ३०,९४० रहेको छ। विभिन्न ९ वटा वडाहरू रहेको यस नगरपालिकाको कार्यालय भिंग्रीमा रहेको छ।(स्रोतः https://swargadwarimun.gov.np/)

## १.२ उद्देश्य

नगरपालिकाको तरकारी खेती र बाख्रापालन विषयको माध्यमबाट समग्र व्यावसायिक विकास हासिल गर्नको लागि उपक्षेत्रगत त्रिवर्षिय योजनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन :

- नगरपालिका र स्थानीय सरोकारवाला निकाय, संस्था र समूहहरूले उपलब्ध गराएको वस्तुस्थितिको विश्लेषण गरी नगरपालिकाको आधार तयार गर्ने ।
- तरकारी खेती र बाख्रापालनको संभावना, अवसर तथा चुनौतिको विश्लेषण गरी विषयगत सोच तयार पार्ने ।
- विपन्न वर्ग तथा अवसरबाट बन्चित वर्गहरूक, मध्यम तथा व्यावसायिक कृषकहरूको अवस्था र आवश्यकतामा आधारित तथा सामाजिक आर्थिक उत्थानका लागि तरकारी खेती तथा बाख्रापालनमा आधारित अल्पकालिन, मध्यमकालिन र दीर्घकालिन आयआर्जन कार्यक्रमहरू संचालनको लागि आवश्यकता, अवसर र चुनौती सहितको दस्तावेज तयार गर्ने ।

## १.३ उपक्षेत्रगत त्रिवर्षिय योजना तर्जुमाका चरणहरू

यस उपक्षेत्रगत त्रिवर्षिय योजना चरणवद्ध रूपमा तयार गरिएको थियो र अवलम्वन गरिएका चरणहरू निम्न रहेका छन्:

**छैठौं चरण** — प्राप्त सुझाव समेटी विषयगत योजनालाई अन्तिम रूप प्रदान र पेश

**पाँचौं चरण** — उपक्षेत्रगत (तरकारी र बाख्रापालन) त्रिवर्षिय योजनाको मस्यौदा तयारी र सुझाव संकलन

**चौथो चरण** — उपक्षेत्रगत लक्ष्य, रणनीति, क्रियाकलाप र बजेट सम्बन्धमा पालिका स्तरीय कार्यशाला गोष्ठी

**तेस्रो चरण** — तरकारी खेती र बाख्रापालन सम्बन्धि उपक्षेत्रगत योजना विषयवस्तुहरूको खाका तयारी र सुझाव संकलन

**दोस्रो चरण** — तरकारी खेती र बाख्रापालन सम्बन्धि प्राथमिक तथा द्वितिय तथ्यांक संकलन

**पहिलो चरण** — उपक्षेत्रगत योजना तर्जुमाको तयारी

यस उपक्षेत्रगत योजना तर्जुमाका लागि निर्धारित प्रत्येक चरणहरूमा विभिन्न कार्यहरू गरिएको थियो । पहिलो योजना तर्जुमाको चरण अन्तर्गत योजनामा समेटिने मूख्य विषयहरू छलफलबाट निश्चित गरिएको थियो । यसपछि यस योजना तर्जुमाका लागि आवश्यक

तथ्यांकहरूको खोजी गरिएको थियो। यसका लागि पालिकास्तरीय, प्रदेश र केन्द्रीय तथ्यांक र जानकारी हेरिएको थियो। अध्ययन पश्चात यस उपक्षेत्रगत योजना दस्तावेजमा समेटिने विषयहरू सहितको एउटा खाका तयार गरी सुझाव संकलन गरिएको थियो। आएका सुझावलाई समेटी अन्तिम रूप प्रदान गरी सोही आधारमा पालिका स्तरीय कार्यशाला गोष्ठी संचालन गरियो। यस गोष्ठीले तरकारी खेती र बाख्रापालनको सम्बन्धमा समग्र पालिकाको अवस्था विश्लेषण गरिएको थियो भने गोष्ठीबाट दीर्घकालिन सोच, लक्ष्य, उद्देश्यहरू सहित मूख्य क्रियाकलापहरू तय गरियो। यस उपक्षेत्रगत योजना तर्जुमालाई समयमा तयार गर्न र निरन्तर सहयोग र सुझाव प्रदान गर्नका लागि पालिका स्तरीय तीन सदस्यीय एक निर्देशन समिति बनाईएको थियो जसको विवरण निम्न रहेको छः

संयोजकः श्री नेत्र बहादुर रोका क्षेत्री, नगर प्रमुख

सदस्य : श्री गोमा रेग्मी, नगर उपप्रमुख

सदस्य : श्री थानेश्वर भण्डारी, प्रमुख प्रशासकीय अधिकृत।

यसैगरी यस उपक्षेत्रगत योजना तर्जुमा तयारीका लागि तीन सदस्यीय एक तर्जुमा समिति बनाईएको थियो जसमा

संयोजकः मिनराज राना, संयोजक आर्थिक विकास समिति

सदस्य : संजय थारु चौधरी, कृषि विकास शाखा प्रमुख

सदस्य : विष्णु के.सी, पशु सेवा शाखा प्रमुख

सदस्य : पुर्ण बहादुर जि. एम., कृषक प्रतिनिधि

सदस्य : बोम बहादुर रोका, कृषक प्रतिनिधि।

निर्देशन समितिको सल्लाह र निर्देशन र योजना तर्जुमा समितिको अगुवाईमा यस त्रिवर्षिय उपक्षेत्रगत योजना तर्जुमाको दस्तावेज लेखन कार्य गरिएको थियो। पालिका स्तरमा तयार भएका यससंग सम्वन्धित दस्तावेजहरूको अध्ययन, सम्वन्धित शाखाहरूबाट प्राप्त तथ्यांक र जानकारीहरू र गोष्ठीका निष्कर्षहरूलाई समेटी यस योजनाको प्रारम्भिक दस्तावेज तयार गरियो। यस प्रारम्भिक दस्तावेजलाई सम्वन्धित तहसम्म उपलव्ध गराई सुझाव र पृष्ठपोषण लिईयो। प्राप्त सुझावहरूलाई समेटी यस त्रिवर्षिय उपक्षेत्रगत योजनालाई अन्तिम रूप दिई यो दस्तावेज तयार गरियो।

## १.४ उपक्षेत्रगत योजना दस्तावेजको संरचना

यस उपक्षेत्रगत योजनामा विभिन्न चार परिच्छेदहरू रहेका छन्। यस अन्तर्गत परिच्छेद एकमा परिचय, परिच्छेद दुईमा तरकारी खेती र बाख्रापालनको अवस्था विश्लेषण र परिच्छेद तीनमा तरकारी खेती र बाख्रापालनको दीर्घकालिन सोच, लक्ष्य, रणनीति तथा कार्यनीतिका साथै क्रियाकलाप र बजेट प्रस्तुत गरिएको छ। अनुसूचीमा यस उपक्षेत्रगत योजना तर्जुमाका लागि संचालन गरिएको कार्यशाला गोष्ठीमा सहभागीहरूको विवरण, सन्दर्भ सामग्रीहरू सूची आदिलाई समेटिएको छ।

# परिच्छेद दुईः तरकारी खेती र बाख्रापालनको अवस्था विश्लेषण

## २.१ कृषि तथा पशुपालन व्यवसायमा संलग्नता

यस नगरपालिकाको कूल जनसंख्या मध्ये ९० प्रतिशत जनसंख्या कृषि तथा पशुपालन व्यवसायमा संलग्न रहेका छन्। यस पालिकाका ३३८ घरपरिवार व्यावसायिक तरकारी उत्पादनमा संलग्न रहेका छन् भने यसमध्ये गत वर्ष ६७ जनाले व्यावसायिक तरकारी उत्पादन सम्बन्धी तालिम लिएका छन्। यस पालिकामा १० वटा स्थानीय व्यावसायिक कृषि फार्म दर्ता भएका छन् भने ८७ वटा सक्रिय व्यावसायिक कृषक समूहहरू पालिकामा दर्ता भई क्रियाशिल रहेका छन्। यस पालिकामा व्यावसायिक पशुपालनमा संलग्न परिवार १८९ रहेको छ भने यस मध्ये व्यावसायिक बाख्रापालनमा संलग्न परिवार १२४ रहेका छन्।

## २.२ जग्गा र सम्भावित क्षेत्रहरूको अवस्था

यस नगरपालिकाको अर्थतन्त्रको मेरुदण्ड कृषि हो। नेपालको संविधानले वैज्ञानिक भूमिसुधार गर्ने, जग्गाको चक्लावन्दी गरी उत्पादन र उत्पादकत्व बढाउने, भू उपयोग नीतिको अवलम्बन गर्दै भूमिको समुचित उपयोग गर्ने, कृषिको व्यवसायीकरण, औद्योगीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने, कृषि सामग्री तथा उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने नीति लिंदै यसलाई स्थानीय तहको अधिकार भित्र राखेकोछ।

यस नगरपालिकाको आयमा कृषि तथा पशु सेवा क्षेत्रको योगदान रहेको छ। यस नगरपालिकामा १८ बर्ष उमेर पुगेका जनसंख्या मध्ये धेरै जसो कृषि पेशामा संलग्न छन्।

प्रमुख बाली उत्पादनमा अन्नबाली, दलहन, तेलहन, तरकारी, फलफुल र अन्य नगदे बाली रहेको छ। साधारणतया हाल नगरपालिकाको जनसंख्या र उत्पादनलाई तुलना गर्दा प्रमुख बालीहरू बचत भई निर्यात भईरहेको अवस्था छ।

गोल परियोजनाको प्राविधिक सहयोगमा यस नगरपालिकाले सन् २०१९ मा व्यावसायिक उत्पादन क्षेत्र पहिचान अध्ययन गरिसकिएको र यसैको आधारमा परियोजनाले उपक्षेत्र पहिचान अध्ययन समेत गरिसकेको छ। उक्त अध्ययन प्रतिवेदनलाई आधार मानी नगरपालिकाले उत्पादन पकेट क्षेत्रमा तरकारी खेती र बाख्रापालनलाई व्यावसायिक रूपमा अगाडी बढाईरहेको छ। यस उपक्षेत्रहरू पहिचानको मूख्य आधारहरूमा सडक संजाल, बजारको पूर्वाधार, सिंचाई, उपक्षेत्रको बजार संभावना, उत्पादन र बजारीकरणको सीप, चरन व्यवस्थापन र स्थानीय सेवा प्रदायकहरूको प्रर्याप्तताका साथै सरकारी सेवाहरूलाई ध्यान दिईएको थियो। साथै अध्ययनबाट प्राप्त निष्कर्षहरूलाई समुदाय तथा सरोकारवालाहरूसंगको परामर्श र धरातलीय हिडाँईबाट प्रमाणीकरण र त्रिकोणात्मक जाँच गरिएको थियो। अध्ययनले ६० सम्भावित वस्तीहरूमध्ये आधाभन्दा बढी ५१.६७% (३१) मा तरकारी उत्पादनको सम्भावित उपक्षेत्र रहेको देखाएको छ भने ३५% (२१) वस्तीहरूमा बाख्रापालन र १३.३३% (८) वस्तीहरूमा मिश्रित(बाख्रा र तरकारी) उत्पादनको उपक्षेत्र देखाएको छ।




स्रोतः व्यावसायिक उत्पादन क्षेत्र पहिचान अध्ययन प्रतिवेदन, २०१९

## २.३ दक्ष जनशक्तिको अवस्था ढपालिकाभित्र र अन्य

यस पालिकामा तरकारी उत्पादन र बाख्रापालनका लागि दक्ष प्राविधिकको अभाव रहिआएको छ। हाल यस पालिकामा ५ जना कृषि प्राविधिकहरूले तरकारी खेतीको लागि सेवा प्रदान गरिरहेका छन्। अगुवा तथा व्यावसायिक ४२ जना कृषकहरूलाई गोल परियोजनाबाट तालिम प्रदान गरि परिचालन गरिएको छ। यसैगरी उन्नत विउँ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषकहरूको संख्या ४८७ रहेका छन् जसमा प्रदेश सरकारबाट ५३ जना, नगरपालिकाबाट ५० जना, कृषि यान्त्रिकिकरणबाट ८४ जना र गोल परियोजनाबाट ३०० जनाले सहयोग प्राप्त गरिरहेको अवस्था छ।

यस पालिकाका ४ जना पशु सेवा प्राविधिकहरूबाट बाख्रापालनका लागि सेवा प्रदान गर्दै आएका छन्। पशु स्वास्थ्य कार्यकर्ता तथा पाराभेट २० जना रहेका छन् भने व्यावसायिक बाख्रापालन तालिम प्राप्त कृषकको संख्या १४८ रहेको छ। यसैगरी खोर सुधारका लागि पालिका र गोल परियोजनाले १३० जनालाई दक्ष बनाईएको छ। तरकारी र बाख्रापालन सम्बन्धी तालिम र गोष्ठी नियमित रूपमा हुँदै आएको छ।

## २.४ उत्पादनको अवस्था

यस नगरपालिकामा उत्पादित वस्तुहरूको अवस्था पहिचान यस अघि नै नगरपालिकाले गोल परियोजनाको सहयोगबाट गरिसकेको छ। उक्त अध्ययन अनुसार ९ प्रतिशत कृषकहरूले व्यावसायिक तरकारी उत्पादन गर्दै आएको र २० प्रतिशत जग्गामा तरकारी खेती गरिएको देखाएको छ। उक्त अध्ययन अनुसार नगरपालिकाको अवसरको रूपमा ११,३३५ रोपनीसम्ममा तरकारी खेती विस्तार गर्न सकिने देखिन्छ। मूख्य तरकारी उत्पादनमा आलु ३६,१०० कि.ग्रा., गोलभेडा ३९,७३५ कि.ग्रा., काउली २०,३२० कि.ग्रा. उत्पादन भएको र सानो परिमाणमा प्याज, अदुवा, कात्रो, खुर्सानी, बोडी, लसुन रहेको अध्ययन प्रतिवेदनले औल्याएकोछ।

## २.५ विउविजन तथा नश्ल सुधारको अवस्था

कृषकहरूले विउँविजन र नश्ल सुधारका लागि स्थानीय सरकारी तह र एग्रोभेटबाट सुविधा लिदै आएका छन्। यस नगरपालिकाभित्र

१० वटा नर्सरी रहेका छन् भने ९ वटा एग्रोभेटले कृषकहरूलाई सेवा प्रदान गर्दै आएको छ। पालिका स्तरमा पशु सेवा शाखाबाट निःशुल्क कृतिम गर्भाधान कार्यक्रम संचालन गरिरहेको छ।

## २.६ सिंचाईको अवस्था

कुनै पनि कृषि वस्तुहरूको व्यावसायिकिकरण गर्नका लागि सिंचाई सुविधा एक मूख्य कारक हुन्छ। Assessment Report for Tartgeting GOAL- II अनुसार स्वर्गद्वारी नगरपालिकाको १४% सम्भावित वस्तीहरूमा मात्र राम्रो सिंचाई सुविधा भएको, ५२% मा आशिंक सिंचाई सुविधा र ३४% मा सिंचाई सुविधा नभएको देखाएको छ। अतः सिंचाईको राम्रो र आशिंक सुविधा भएको ठाउँमा तरकारी खेती र सिंचाई सुविधा नभएको वस्तीहरूमा बाख्रापालन गर्न सकिने देखाएको छ।

यसैगरी नगरपालिकाले गोल परियोजनाको सहयोगमा गरिएको Assessment of Production pockets in Swargadwari Municipality, Pyuthan, Nepal प्रतिवेदन अनुसार नगरपालिकामा ६३ वटा नहर, ११ वटा पोखरी, ४ वटा लिफ्ट र २ वटा पाईप लाईनबाट २९,३८५ रोपनीमा सिंचाई हुँदै आएको देखाएको छ।

## २.७ प्रदेश र पालिकाबाट कृषि तथा पशु सेवाको लागि लिएको नीति तथा कार्यक्रम

राष्ट्रिय पन्ध्रौं पञ्चबर्षिय योजनाले समृद्ध नेपाल, सुखी नेपालीको सोच लिई कार्यान्वयन भईरहेको छ। यस राष्ट्रिय सोचलाई समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, सम्मानित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक भनी परिभाषित गरिएको छ। यसैगरी लुम्बिनी प्रदेशले प्रथम आवधिक योजना (आ.व. २०७६/०७७ – आ.व. २०८०/८१) तयार गरी कार्यान्वयन भईरहेको छ। यस आवधिक योजनाले प्रादेशिक दीर्घकालिन सोच र प्रादेशिक लक्ष्य तय गरेको जसअन्तर्गत दीर्घकालिन सोच समृद्ध प्रदेश : खुशी जनता रहेको छ भने यसलाई उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलव्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता भनी परिभाषित गरिएको छ। यसैगरी प्रदेशले समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने भनी प्रादेशिक लक्ष्य निर्धारण गरेको छ। यस आवधिक योजना अनुसार यस प्रदेशका करिब दुई तिहाई जनताको जीविकोपार्जनको माध्यम कृषि रहेको र जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार यस प्रदेशमा ४८.४ प्रतिशत घरपरिवारमात्र पूर्ण रूपमा खाद्य सुरक्षामा रहेका छन् भने १०.२ प्रतिशत घरपरिवार गम्भीर खाद्य असुरक्षामा रहेका छन्।

आवधिक योजनाले आर्थिक क्षेत्रको विकासमा कृषिलाई प्राथमिकता दिदै क्षेत्रगत दीर्घकालिन सोच र लक्ष्य समेत निर्धारण गरेको छ। यस अन्तर्गत कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणबाट प्रदेशको समृद्धिमा योगदान भनी क्षेत्रगत दीर्घकालिन सोच राखेको छ भने कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यावसायिक र सम्मानजनक पेशाको रूपमा रूपान्तरण गर्ने लक्ष्य निर्धारण गरेको छ। साथै व्यावसायिक कृषि प्रणाली विकासको लागि विभिन्न रणनीति र कार्यनीति तय गरी प्रादेशिक विकासका गतिविधिहरू संचालन गर्दै आएको छ।

आधार बर्ष २०७५/०७६ मा यस प्रदेशमा उत्पादन हुने तरकारी ५५४ हजार मे.टनबाट यस प्रादेशिक आवधिक योजनाको अन्तिम वर्ष २०८०/०८१मा तरकारी उत्पादन ६८९ मे.टन पुग्ने अपेक्षित उपलब्धि तय गरेको छ।

प्रादेशिक आवधिक योजनाले पशुपन्छी क्षेत्रलाई आर्थिक वृद्धिको एक महत्वपूर्ण क्षेत्र मानेको छ। पशुपन्क्षीको विकासको क्षेत्रमा प्रदेशले आधुनिक र व्यावसायिक पशुपन्क्षीपालनबाट प्रदेशको आर्थिक समृद्धि भन्ने दीर्घकालिन सोच लिएको छ भने स्वच्छ र गुणस्तरीय पशु तथा पन्क्षीजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने लक्ष्यको साथ प्रदेश सरकार अगाडी बढिरहेको छ। यस प्रदेशमा २०७३/७४ को तथ्यांक अनुसार मासु उत्पादन ५९ हजार मे.टन रहेको थियो भने आवधिक योजनाको अन्तिम वर्ष २०८०/८१ मा ९३ हजार मे.टन पुग्ने अपेक्षा गरिएको छ।

राष्ट्रिय सोच र लक्ष्य प्राप्तिका लागि प्रदेशले योगदान गर्दै राष्ट्रिय र प्रादेशिक लक्ष्य प्राप्तिका लागि स्थानीय तहले योगदान गर्नुपर्ने भएकोले स्वर्गद्वारी नगरपालिकाले कृषि उत्पादन वृद्धि र पशुपन्क्षी विकासकालागि विभिन्न नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्दै आएको छ। स्वर्गद्वारी नगरपालिकाले स्वर्गद्वारी नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ र पशुपन्क्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०७४ पास गरी कार्यान्वयन गरिरहेको छ। स्वर्गद्वारी नगरपालिकाले चालू आर्थिक बर्षमा कृषि तथा पशु विकासको सन्दर्भमा अवलम्बन गरिएको नीति तथा कार्यक्रमलाई तल बुँदागत प्रस्तुत गरिएको छः

- कृषिमा विविधिकरण एवं व्यावसायिकीकरणमा जोड दिइने छ।

- भौगोलिक सम्भाव्यता र निर्मित पुर्वाधारहरूलाई मध्यनजर गरी तुलनात्मक लाभप्रद बाली उत्पादनमा जोड दिइने छ।
- बढ्दो खाद्यान्न आयतलाई मध्यनजर गरी सिंचित एवं् अन्य क्षेत्रमा बाली सघनतामा जोड दिइने छ।
- नगरपालिका भित्र रहेका कृषिसँग सम्बन्धित निकायहरूसँग समन्वयात्मक रूपमा कृषि कार्यक्रमहरू संचालन गरिने छ।
- स्थानीय श्रोतको उपयोग र विस्तारमा जोड दिईनेछ।
- स्वर्गद्वारी नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन नगर प्रमुख कृषि आत्मनिर्भर कार्यक्रम संचालन गरिने छ।
- निर्यातयोग्य एवं उच्च मूल्यवाली कृषि उपजहरूको उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रममा जोड दिईने छ।
- कृषि विकासको मुल प्रवाहमा महिला, दलित तथा विपन्न वर्गको पहुँच बढाईने छ।
- नगरभित्र एक वडा एक उत्पादन कार्यक्रम संचालनार्थ आवश्यक कार्यक्रम संचालन गरिने छ।
- युवा जनशक्तिलाई व्यावसायिक कृषि तथा पशुपालनमा आकर्षण गर्न युवालक्षित कार्यक्रम संचालन गरिनेछ।
- नगर क्षेत्र भित्र रहेका सहकारीहरूको क्षमता विकास गरी उद्देश्य अनुरूप संचालनमा जोड दिइनेछ।
- सहकारी, बैंक तथा वित्तिय क्षेत्र मार्फत लगानी हुने कृषि कर्जालाई सरल रूपमा कृषक माफ्र पुऱ्याउन विशेष कार्यक्रम संचालन गरी कोभिड–१९ रोग संक्रमणका कारण विदेशबाट घर फर्किन बाध्य भएका यस नगरपालिकाका युवा तथा नागरिकहरूलाई व्यवसायमा जोडिनेछ।
- कृषि उपज तथा पशुपंक्षीहरूमा प्राकृतिक प्रकोपबाट हुने क्षति न्युनिकरण गर्न तथा कृषकको लगानीलाई सुनिश्चित गर्न कृषि तथा पशु बीमा कार्यक्रमहरू सम्बन्धित निकायहरूसँग समन्वय गरी संचालन गरिनुका साथै बीमामा लाग्ने प्रिमियम शुल्कमा नेपाल सरकारले ८० प्रतिशत छुट गरी लागेको रकममा यस नगरपालिकाबाट ५० प्रतिशत थप अनुदानको व्यवस्था गरिनेछ। उक्त रकम किसान राहत कार्यक्रमबाट उपलब्ध गराइनेछ।
- स्थानीय स्तरमा मौसम अनुसार आवश्यक पर्ने गुणस्तरयुक्त बीउ बिजन, बोटबिरुवा र श्रोत सामाग्रीहरूको दिगो आपुर्तिको व्यवस्थामा जोड दिइनेछ। उन्नत जातका विउ र विरुवाहरू वितरण गरि कृषि उत्पादनलाई दोब्बर बनाउने रणनीति अख्तियार गरिनेछ।
- कृषि उत्पादन तथा उत्पादकत्वमा परिमाणत्मक एवं गुणात्मक वृद्धिका लागि आवश्यक पर्ने कृषि उत्पादन सामग्री तथा सेवामा कृषकहरूको पहुँच बढाई सक्षम बनाउन पहल गरिनेछ।
- कृषि उपजलाई व्यवस्थित गर्न निश्चित क्षेत्र तोकी कृषिजन्य थोक बजार, खुद्रा बजार, फलफूल व्यवसायलाई व्यवस्थित गर्न निरन्तरता दिनुका साथै ग्रामीण वडाहरूमा संकलन केन्द्र एवं बजार केन्द्र सञ्चालनका लागि प्रयास गरिनेछ।
- नगरपालिका भित्र रहेका ऐलानी, प्रति र सावर्जनीक जग्गाहरूमा मझौला तथा ठुला उद्योगहरूको स्थापनार्थ सो क्षेत्रको सम्भावना तथा सम्भाव्यता अध्ययन (Feasibility Study) को कार्यलाई अगाडी बढाउन संघिय सरकारसँग समन्वय गरि सम्भाव्यता अध्ययनको काम भईरहेको छ। अन्य कार्य प्रक्रियागत ढंगबाट अगाडि बढाईनेछ।
- नगर क्षेत्रभित्र सहकारी खेती प्रणालीलाई प्रोत्साहन गर्न विशेष कार्यक्रमहरू संचालन गरिनेछ।
- नगरपालिका भित्रका पशुपंक्षि पालक कृषकहरूको पशुपंक्षि रोग निदान तथा उपचार सेवालाई सबल र विशिष्टकृत गर्न पशुसेवा शाखाको भेटरिनरी ल्यावलाई स्तरोन्नती गर्दै लगिनेछ।
- प्राकृतिक श्रोत साधन जैविक विविधताको संरक्षण सम्बर्द्धन एवं सदुपयोगका लागी दिगो तथा वातावरण मैत्रि कृषि कार्यक्रमहरू संचालनमा जोड दिईनेछ।
- नगर क्षेत्रभित्र रहेका सम्पूर्ण उद्योगी व्यापारीहरूलाई करको दायरामा ल्याई बजार प्रबर्धनात्मक कार्यक्रम संचालन गरिनेछ।
- बढ्दो दुध तथा मासुजन्य उत्पादनहरूको मागलाई सहज आपुर्तिको वातावरण बनाउन नगर क्षेत्र भित्र पशुपालन तथा बंगुर, पाडा, बाख्रा तथा लेयर्स कुखुरा, लोकल कुखुरापालन व्यवसायलाई प्रोत्साहन गरिनेछ, साथै आधुनिक बधशालाको निर्माणको कार्य प्रदेश सरकारको समन्वयमा अघि बढाईनेछ।
- दुध तथा दुधजन्य पदार्थको उत्पादन बढाउनका लागी कृत्रिम गर्भाधान लगायतका उन्नत नश्ल सुधारका कार्यक्रमहरू संचालन गरिनुका साथै निःशुल्क कृतिम गर्भाधान सेवा प्रदान गरिनेछ/ भईरहेको छ।

- नगरपालिका क्षेत्रभित्रका विभिन्न उपर्यूक्त स्थानहरूमा स्मार्ट कृषि/पशू कार्यक्रम सञ्चालन गरिएको छ। यसलाई निरन्तरता दिई थप व्यवस्थित गरिने छ।
- नगरपालिका क्षेत्रभित्र कोभिड–१९ कृषि विशेष कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- नगरपालिकाले बाँझो जमिन खालि नराखौं भन्ने नारा लिइरहेको अवस्थामा वन्यजन्तुले किसानहरूको खेतिमा क्षति पुराई हैरानी भइरहेको कुरालाई ध्यानमा राखि क्षतिपूर्ति स्वरूप कृषक राहत कार्यक्रम मापदण्ड बनाई लागू गरिनेछ।
- वडा सिलिङ्ग मार्फत वडाबाट विनियोजित हुने बजेटमा कम्तीमा कृषि विकास कार्यक्रममा १० प्रतिशत, पशु सेवा स्वास्थ्यमा ४ प्रतिशत र महिला तथा बालबालिकाको क्षेत्रमा ५ प्रतिशत बजेट नघट्ने गरि वडा सिलिङ्गको व्यवस्था गरिनेछ।

## २.८ सवल पक्ष, अवसर, कमजोरी र वाधाहरू

स्वर्गद्वारी नगरपालिकामा तरकारी खेती र बाख्रापालनको सन्दर्भमा सवल पक्ष, अवसर, कमजोरी र वाधाहरूको विषयमा छलफल गरी गोष्ठीबाट प्राप्त बुँदागत निष्कर्षहरू तल प्रस्तुत गरिएका छन्:

### सवल पक्ष

**सवल पक्ष**

- उत्पादन विक्रीका लागि बजार हुनु
- आवश्यक पूर्वाधारहरू भएको (बाटो, विद्युत, पानी)
- समूहहरूलाई सहयोग प्राप्त हुनु (नगरपालिका तथा परियोजनाहरूबाट)
- तरकारी खेती र बाख्रापालनको पकेट क्षेत्र निश्चित हुनु
- नगरपालिकाबाट सहुलियत ऋण प्रदान गरिनु
- प्राविधिक सहयोग केही मात्रामा हुनु
- उपयुक्त हावापानी, मौसम हुनु
- चरिचरण क्षेत्र रहेको
- सहकारीबाट विक्री प्रवन्ध हुनु
- बाटो बजारको पहुँच

**अवसर**

- कृषकहरूले पालिका, प्रदेश र सहकारीबाट अनुदान तथा सहयोग प्राप्त हुनु
- बैंक तथा वित्तिय संस्थाबाट सहुलियत ऋण प्राप्त हुनु
- बाख्रापालनमा कृतिम गर्भाधारण सेवाको सुरुवात हुनु
- संघ, प्रदेश र विभिन्न परियोजनाबाट सहयोग हुनु (घाँस तथा अन्य वीउँविजनहरू उपलव्ध गराउनु
- सहयोगी संस्थाहरूबाट समय समयमा कृषकहरूलाई तालिमको अवसर
- सहकारी मार्फत खसी बोका विक्री वितरण हुनु र उत्पादनमा आधारित अनुदान प्राप्त हुनु
- सहयोगी संघ संस्था हुनु

## कमजोरी

- पर्याप्त सिँचाईको अभाव
- उन्नत प्रविधिको न्यून उपलव्धता
- दक्ष प्राविधिकको अभाव
- उन्नत बीउ बिजनकोअभाव
- मल, विषादीको अभाव
- कृषकहरूलाई क्षेत्रगत तालिमको अभाव
- कामदारको अभाव
- कृषकहरू व्यावसायीकीकरण तर्फ उन्मुख नहुनु
- बेमौसमी उन्नत घाँसको अभाव
- उन्नत नस्लको अभाव
- बीमा सम्बन्धि सचेतनामा कमी
- बजारमुखी उत्पादन हुन नसक्नु
- व्यावसायिक योजनाको अभाव

## बाधाहरू

- प्रतिस्पर्धी बजार व्यवस्थापन हुन नसक्नु
- संकलन केन्द्र, शीत भण्डारको व्यवस्था नहुनु
- वाहृय उत्पादनसंग प्रतिस्पर्धा गर्न नसक्नु
- प्राकृतिक प्रकोप/प्रतिकुल मौसम रहनु
- रोग, किरा तथा जंगली जनावरको प्रकोप
- अस्थिर बजार मूल्य
- पर्याप्त स्रोत र साधनको उपलव्धता नहुनु
- उत्पादन लागत अनुसार मूल्य निर्धारण नहुनु
- बद्यशालाको व्यवस्थापन नहुनु
- परम्परागत सोच तथा खेती प्रणाली

## २.९ सेवा प्रदायकहरू र सहयोगका क्षेत्रहरू

यस नगरपालिकामा कृषि र पशु विकासको क्षेत्रमा क्रियाशिल संस्था र सरोकारवालाहरूको विवरण र ती संस्थाहरूबाट प्रदान गरिने सहयोगका क्षेत्रहरू सम्बन्धी विवरण तलको तालिकामा राखिएको छः

**तालिका १: सेवा प्रदायकहरू र सहयोगका क्षेत्रहरू**

| क्र.सं. | सरोकारवालाहरू | सहयोगको क्षेत्र |
|---|---|---|
| १ | सरकारी संस्था<br>(क) स्थानीय सरकार<br>(ख) प्रदेश सरकार<br>(ग) संघीय सरकार | • नीति नियम ऐन कानुन<br>• बजेट तथा कार्यक्रम<br>• प्राविधिक सेवा<br>• पूर्वाधार निर्माण<br>• वित्तिय सहयोग |
| २ | बैंक तथा वित्तिय संस्था<br>(क) बैंक (५ वटा)<br>(ख) लघुवित्त (करीव ७ वटा)<br>(ग) सहकारी (करीव १२ वटा) | • कर्जा सहयोग<br>• प्राविधिक सहयोग<br>• बजार व्यवस्थापन<br>• उत्पादन सामग्री |
| ३ | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था | • प्राविधिक सहयोग<br>• पूर्वाधार निर्माण (उत्पादन तथा बजार)<br>• वित्तिय सहयोग |
| ४ | एग्रोभेट सेन्टर (९ वटा) | • प्राविधिक सेवा<br>• उत्पादन सामग्री |
| ५ | ग्रा.प.स्वा.का./ग्रा.कृ.का. (पाराभेट/पशु चिकित्सक लगायत अन्य समेत) | • प्राविधिक सहयोग |

| | | |
|---|---|---|
| ६ | व्यापारी (तरकारी)<br>मध्यस्तकर्ता (बाख्रा) | • बजारीकरण |
